# मुक्तिनाथ कृषि कम्पनी लि.

# MUKTINATH KRISHI COMPANY LTD.

**(An Associate Company of Muktinath Bikas Bank Ltd.)**

Basundhara Ringroad, Kathmandu, Nepal
Tel: +977-1-4950097, Email: info@muktinathkrishi.com
Web: www.muktinathkrishi.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु. ७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड रुपैंया मात्र) को २०% ले हुन आउने रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/– अंकित दरको १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुका लागि छुट्टयाएको र उक्त शेयर मध्येको ५% ले हुन आउने ७०,००० कित्ता शेयर सामूहिक लगानी कोषको लागि तथा १०% ले हुन आउने १,४०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई बाँडफाँड गरिएको र ३% ले हुन आउने ४२,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि सुरक्षित गरी बाँकी रहने ११,४८,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८० मंसिर ८ गते शुक्रबारदेखि निष्काशन तथा बिक्री खुल्ला** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता** **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००० कित्ता**

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड, बसुन्धारा काठमाडौं र वेबसाइट www.muktinathkrishi.com |
| २ | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.nimbacecapital.com |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### सर्वसाधारणका लागि शेयरको बिक्री खुल्ला अवधि

| | |
|---|---|
| निष्काशन खुल्ला मिति : | **२०८०/०८/०८ गते** |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | **२०८०/०८/१२ गते** (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | **२०८०/०८/२२ गते** (बैंकिङ्ग समय पश्चात्) |

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी विवरण**

| विवरण | वास्तविक | | | अपरिस्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०९.४६ | १०५.२६ | ७६.८१ | ९०.३२ | १०१.१८ | १०७.३९ | ११३.७९ |
| प्रति शेयर आम्दानी (रु.) | ३.०१ | ०.१८ | (२८.५४) | ३.४८ | ८.७३ | १४.३० | २२.९६ |
| संचित नाफा/नोक्सानी (रु.) | १७,०१९,८९४ | १३,१९९,०४५ | (६७,९००,५२७) | (४८,३८७,६६८) | ६,२७२,४६२ | ५६,१४३,९५१ | १०७,६९०,५२३ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "[ICRANP -IR] BB-" (pronounced as ICRA NP Issuer Rating Double B Minus) ग्रेडिङ्ग मिति २०७९/१०/०६ मा प्राप्त गरेको छ। "[ICRANP -IR] BB-" (Issuer Rating) ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम (Moderate risk of default regarding timely servicing of financial obligation) जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। यसको अर्थ "[ICRANP -IR] BB-" स्थिती "[ICRANP -IR] BB" भन्दा एक चिन्ह तल रहन्छ।**

**ग्रेड प्रदान गरेको मिति : वि.सं. २०७९/१०/०६** **ग्रेड बहाल रहने अवधि : वि.सं. २०८०/१०/०२**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० मंसिर ५ गतेको "अन्नपूर्ण पोष्ट्" राष्ट्रिय दैनिक**मा दोस्रो चरणमा प्रकाशित **आव्हान पत्र** वा निष्काशन कम्पनीको वेवसाईट www.muktinathkrishi.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nimbacecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**NIMB ACE CAPITAL LIMITED**
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलःinfo@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com